महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

नीति योजना जनशक्ति विकास तथा अन्तराष्ट्रिय सम्बन्ध निर्देशनालय

पत्र सङ्ख्या : २०७७।७८
च न : २९

मिति २०७७।७।१९

श्री गृह मन्त्रालय
श्री अर्थ मन्त्रालय
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
श्री वन तथा वातावरण मन्त्रालय
सिंहदरबार काठमाण्डौं ।
श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ काठमाण्डौं ।

विषय : लेख रचना उपलब्ध गराइदिने बारे ।

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट अर्धवार्षिक रुपमा लेखापरीक्षण पत्रिका प्रकाशन हुँदै आएको छ । उक्त लेखापरीक्षण पत्रिकामा समावेश गर्नका लागि वित्तिय परिपालना र कार्यमूलक लेखापरीक्षण, लेखा, वित्तिय क्षेत्र, आर्थिक सुशासन, राजश्व चुहावट र भ्रष्टाचार नियन्त्रण, वित्तिय जवाफदेहिता, लेखापरीक्षणमा सूचना प्रविधि, दिगो विकास, वातावरणीय क्षेत्र, प्राकृतिक प्रकोप र कोभिड-१९ जस्ता महामारीको रोकथाम र नकारात्मक असरको न्युनीकरण सम्बन्धी समसामयिक विषयहरुमा लेख रचना उपलब्ध गराइदिनुहुन निर्देशानुसार हार्दिक अनुरोध गर्दछु । साथै लेख रचना उपलब्ध गराँउदा देहाय बमोजिम हुनुपर्ने व्यहोरा समेत सविनय अनुरोध गर्दछु ।

१. उपरोक्त विषयहरूसँग सम्बन्धित मौलिक तथा तथ्यमा आधारित अनुसन्धानमूलक लेखरचनालाई प्राथमिकता दिइनेछ ।
२. पत्रिकाको लागि लेख रचना पठाउदा युनिकोड/टाइम्स न्यू रोमन **(Unicode/Times new Roman)** फन्ट रहेको डिजिटल कपी **hrd_ir@oagnep.gov.np** मा ईमेल मार्फत २०७७ साल मंसिर २० गते भित्र उपलब्ध गराउनुपर्नेछ । लेख वा रचना अधिकतम ८ पृष्ठसम्मलाई ग्राह्य मानिनेछ ।
३. लेखकका अन्यत्र प्रकाशित भैसकेका रचनाहरु नपठाउनु हुन अनुरोध छ । त्यस्ता रचना स्वीकृत हुने छैनन् ।
४. यस पत्रिकामा प्रकाशित हुने लेखहरु लेखककै निजी विचार हुने छन् र यसले कार्यालयको नीति एवं कार्यको प्रतिनिधित्व गर्ने छैन ।
५. लेख पठाउँदा लेखकले आफ्नो सम्पर्क नं., ईमेल तथा पासपोर्ट साइजको फोटोको सफ्टकपी पनि उपलब्ध गराउनकालागि अनुरोध छ ।
६. प्राप्त लेख रचना प्रकाशन गर्ने नगर्ने अधिकार सम्पादक मण्डलमा निहित रहनेछ ।
७. लेखापरीक्षण पत्रिकामा प्रकाशित हुने लेख रचनाका लेखकलाई नियमानुसार सेवा शुल्क उपलब्ध गराइनेछ ।

डुन्नुराज भुसाल
लेखापरीक्षण अधिकारी

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

Scanned with CamScanner